नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

# नेपाल बैंक लिमिटेड, हरिपुर शाखाको स्वामित्वमा रहेको जग्गामा कम्पाउण्ड वाल निर्माण कार्यको लागि दरभाउपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकशित मिति २०७६/०५/०३)**

सर्लाही जिल्ला स्थित नेपाल बैंक लिमिटेड, हरिपुर शाखा कार्यालय रहेको जग्गामा भएको कम्पाउण्ड वाल माथी थप कम्पाउण्ड वाल निर्माण कार्य गर्नु पर्ने भएकोले अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरभाउपत्र फाराम खरिद गरी १६ औं दिनको ११:०० बजे भित्र पेश गर्न सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ। यस बैंकको हरिपुर शाखाबाट रु.१,०००/- (पछि फिर्ता नहुने गरि) जम्मा गरी दरभाउपत्र फारम खरिद गर्न सकिनेछ। सो सम्वन्धि शर्त तथा कार्य विवरण दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ। प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। यस सम्वन्धि थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड, हरिपुर शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ।

**तपसिल**

१) दरभाउपत्रदाता निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको परीमाणको विवरण (BOQ) मा दर रेट खुलाइ, न्युनतम रु. १९,०००/-(अक्षरेपी उन्नाईस हजार मात्रा) धरौटी वापत यस बैंकको हरिपुर शाखामा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको दरभाउपत्र बुझाउने अन्तिम मितिले कम्तीमा ७५ दिन म्याद भएको अन्य 'क' वर्गको अन्य बाणिज्य बैंकबाट जारी भएको विड बण्ड ग्यारेन्टी दरभाउपत्र साथ संलग्न गर्नु पर्नेछ। दरभाउपत्रको मान्य अवधि दरभाउपत्र बुझाउने अन्तीम मितिले ४५ दिनको हुनेछ।

२) दरभाउपत्रदाता निर्माण व्यवसायीले दरभाउपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाणपत्र तथा स्थाई लेखा दर्ता नं (प्यान) प्रमाणपत्र, आ.व.२०७४/७५ को कर चुक्ता प्रमाणपत्र र निर्माण सम्बन्धि कार्य गरेको अनुभव प्रमाण पत्र, कालो सूचिमा नपरेको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ।

३) दरभाउपत्र पेश गर्दा बैंकले उपलब्ध गराएको दरभाउपत्र फाराम नै (नियम एवं शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ। दरभाउपत्र फारामको प्रत्येक पुछारमा दरभाउपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ।

४) उपरोक्त कार्य सम्झौता भएको मितिले ६० दिन भित्र पुरा गरी बैंकलाई हस्तान्तरण गरी दिनु पर्नेछ।

५) उपरोक्त कार्यको निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्ने छ।

६) यस सम्वन्धमा अन्य विस्तृत विवरण फाराममा उल्लेख भए वमोजिम हुनेछ।

दरभाउपत्र फाराम प्राप्त गर्ने स्थान :- ने.बै.लि. हरिपुर शाखा।
दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति :- २०७६/०५/१७ गते मंगलबार कार्यालय समय भित्र।
दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति :- २०७६/०५/१८ गते बुधबार बिहान ११:०० बजे भित्र।
दरभाउपत्र दाखिला गर्ने स्थान :- नेपाल बैंक लिमिटेड, हरिपुर शाखा।
दरभाउपत्र खोल्ने मिति र स्थान :- २०७६/०५/१८ गते बुधबार दिउसो १२:३० बजे नेपाल बैंक लिमिटेड, हरिपुर शाखा। सो मितिमा विदा पर्न गएमा सो मितिको भोली पल्ट दरभाउपत्र खोलिनेछ।

बैंकको अनुमानित लागत :-

**सिभिल र इलेक्ट्रिकल दुबै गरी भ्याट समेत कूल जम्मा रकम रु.७,४४,३४१/- (अक्षरेपी सात लाख चौवालिस हजार तिन सय एकचालिस मात्र।)**